**२०७६ साल भाद्र १८ गते बुधबारको दिन बसेको खिजीदेम्वा गाउँ कार्यपालिकाको एकाउन्नौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :**

१. गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत "खिजीदेम्वा गाउँपालिकाको चालु आ.व. २०७६/०७७ को लागि स्थानीय दररेट" स्वीकृत गर्ने ।

२. गाउँ कार्यपालिका सदस्य श्री कमल प्रसाद न्यौपानेको संयोजकत्वमा तपशिलका सदस्यहरु रहेको ७ सदस्यीय बेरुजु फर्छ्यौट समिति गठन गर्ने र समितिले गत आ.व. २०७४/०७५ को म.ले.प. प्रतिवेदनमा उठेका वेरुजु उपर छलफल गरी सम्परीक्षण गर्नुपर्ने वेरुजु सम्परीक्षण र असूल उपर गर्नुपर्ने वेरुजु असूल उपर गरी ९ दिन भित्र गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने :

तपशिल:

| | | |
|---|---|---|
| १. श्री कमल प्रसाद न्यौपाने | कार्यपालिका सदस्य | संयोजक |
| २. श्री भेुपेन्द्र वहादुर बस्नेत | कार्यपालिका सदस्य | सदस्य |
| ३. श्री आङकाजी शेर्पा | कार्यपालिका सदस्य | सदस्य |
| ४. श्री रामकुमार सुनुवार | कार्यपालिका सदस्य | सदस्य |
| ५. श्री खेमराज सुनुवार | कार्यपालिका सदस्य | सदस्य |
| ६. श्री लाल बहादुर थापा | ईञ्जिनियर | सदस्य |
| ७. श्री गंगादेवी श्रेष्ठ | लेखा अधिकृत | सदस्य सचिव |

३. खिजीदेम्वा गाउँपालिकामा डेंगु रोगको प्रकोप भित्रिन तथा वढ्न नदिन स्थानीय स्वास्थ्य संस्थाहरु, स्वास्थ्यकर्मीहरु, महिला स्वम्सेविका, विद्यालयका शिक्षक, शिक्षिका लगायत समाजका प्रवुद्ध वर्गद्धारा डेंगु रोगको प्रकोप न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न, गराउन पत्राचार गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश नेपाल स्था: २०७३

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत